# नेपाल लाइफ इन्स्योरेन्स कं. लि.

## आ.ब ०७७/७८ को प्रथम त्रैमासिकसम्मको वित्तीय परिणाम

### वासलात

| क्र.सं. | विवरण | लेखा परीक्षण नभएको<br>यस त्रैमासिकको अन्त्य सम्ममा | लेखा परीक्षण नभएको<br>अघिल्लो त्रैमासिकको अन्त्य सम्ममा | लेखा परीक्षण नभएको<br>अघिल्लो आ.व.को सम्बन्धित त्रैमासिकको अन्त्य सम्ममा |
|---|---|---|---|---|
| १ | श्रोत (१.१ देखि १.५ सम्म) | १०४,५९२,७९७,९४३ | ९६,५८४,८१२,४३४ | ८०,९४४,९१७,९५३ |
| १.१ | चुक्ता पूँजी | ५,४९६,१६०,८१० | ५,४९६,१६०,८१० | ५,४९६,१६०,८१० |
| १.२ | जगेडा तथा कोष | ३,६६७,२१२,९४९ | ३,५०७,७३७,६५७ | २,६४१,२०९,०६२ |
| १.३ | जीवन बीमा कोष | ९४,८२१,३६३,००९ | ८७,०२६,००७,६०९ | ७२,३३३,०९५,९९६ |
| १.४ | महाविपत्ती कोष जगेडा | ६०८,०६१,१७६ | ५५४,९०६,३५८ | ४७४,४५२,०८५ |
| १.५ | तिर्न बाँकी दीर्घकालिन ऋण तथा सापटी | – | – | – |
| २ | उपयोग (२.१ देखि २.६ सम्म) | १०४,५९२,७९७,९४३ | ९६,५८४,८१२,४३४ | ८०,९४४,९१७,९५३ |
| २.१ | स्थिर सम्पत्ति (खुद) | ३११,३६४,६९२ | ३१८,०२४,७२१ | ३३६,१०३,३३९ |
| २.२ | दीर्घकालिन लगानी तथा कर्जा | ४५,१२९,७६९,२८२ | ४३,८२७,८३७,९४३ | ४०,६७७,३२७,५१८ |
| २.३ | बीमालेखको धितोमा कर्जा | १६,८९३,९९२,११८ | १७,०७३,६०९,८३१ | १४,६६२,८८१,३४९ |
| २.४ | खुद चालु सम्पत्ति (३-४) | ४२,२५७,६७१,८५१ | ३५,३६५,३१४,९३६ | २५,२६८,४०७,५९५ |
| २.५ | अपलेखन वा समायोजन हुन बाँकी विविध खर्च | (०) | २५,००३ | १९८,१५२ |
| २.६ | नाफा नोक्सान हिसावबाट सारेको नोक्सान | – | – | – |
| | खुद चालु सम्पत्तिको विवरण | | | |
| ३ | चालु सम्पत्ति कर्जा तथा पेश्कीहरु (३.१ देखि ३.३ सम्म) | ४६,०७९,८४४,९५१ | ४१,४३१,९४६,७४५ | २८,२९०,६४३,४६९ |
| ३.१ | नगद तथा बैंक मौज्दात | ४८०,८७६,८०० | १,९९७,२०८,३४७ | ४८९,२७३,७६४ |
| ३.२ | अल्पकालिन लगानी तथा कर्जा | ३७,४३४,३२०,४५९ | ३२,७४९,२५०,८२६ | २२,२०२,८२४,४९४ |
| ३.३ | अन्य सम्पत्ती | ८,१६४,६४७,६९१ | ६,६८५,४८७,५७३ | ५,५९८,५४५,२१२ |
| ४ | चालु दायित्व तथा व्यवस्थाहरु (४.१ देखि ४.४ सम्म) | ३,८२२,१७३,१०० | ६,०६६,६३१,८०९ | ३,०२२,२३५,८७४ |
| ४.१ | चालु दायित्व | १,६७९,००६,०६५ | ३,४४६,५७६,५६६ | ९७५,०५७,३९५ |
| ४.२ | असमाप्त जोखिम वापत व्यवस्था | २१७,९१२,९८९ | २६८,३४३,२२० | ११५,४९२,४६९ |
| ४.३ | भुक्तानी हुन बाँकी दावी वापत व्यवस्था | १,४३२,०५८,४४५ | १,६१६,१४०,९९४ | १,३०२,६५३,२५५ |
| ४.४ | अन्य व्यवस्था | ४९३,१९५,६०० | ७३५,५७१,०२९ | ६२९,०३२,७५५ |

### नाफा-नोक्सान हिसाब

| क्र.सं. | विवरण | यस त्रैमासिकको अन्त्य सम्ममा | अघिल्लो त्रैमासिकको अन्त्य सम्ममा | अघिल्लो आ.व.को सम्बन्धित त्रैमासिकको अन्त्य सम्ममा |
|---|---|---|---|---|
| १ | आम्दानी (१.१ देखि १.५ सम्म) | ३१२,९३४,३१७ | ९५५,५९२,३३२ | ३९२,२७१,२२६ |
| १.१ | आय व्यय हिसाबबाट सारेको | ३,५६२,५३८ | २२०,५३६,१६५ | १८८,०२८,८७९ |
| १.२ | जीवन बीमा कोषबाट सारेको* | – | – | – |
| १.३ | लगानी कर्जा तथा अन्यबाट आय | २०९,९२२,८५८ | ७३४,०३३,१२२ | २०४,२४२,३४७ |
| १.४ | व्यवस्था फिर्ता | ९९,४४८,९२१ | १,०२३,०४६ | – |
| १.५ | अन्य आम्दानी | – | – | – |
| २ | व्यवस्था तथा खर्चहरु (२.१ देखि २.८) | ८३,९३१,७२९ | ४२५,२१२,६३२ | १८७,८३८,९२८ |
| २.१ | व्यवस्थापन खर्च | २०,१७८,७२० | २४८,५१५,३१९ | २०,८६९,२०६ |
| २.२ | अपलेखन खर्च | – | – | – |
| २.३ | अन्य खर्च | – | – | – |
| २.४ | नोक्सानीको लागि व्यवस्था | – | ४०,२८९,४३७ | ११२,७९८,१७४ |
| २.५ | कर्मचारी आवास व्यवस्था | – | – | – |
| २.६ | कर्मचारी बोनस व्यवस्था | २९,२७३,४२९ | ६६,६६५,६५१ | २५,८५७,८२८ |
| २.७ | आयकर | ३४,४७९,५७९ | ६९,७४२,२२४ | २८,३१३,७२१ |
| २.८ | जीवन बीमा कोषमा सारेको | – | – | – |
| | खुद नाफा/नोक्सान (१-२) | २२९,००२,५८९ | ५३०,३७९,७०१ | २०४,४३२,२९७ |

*कम्पनीको बीमाङ्कीय मूल्याङ्कन पश्चात् प्राप्त हुने मुनाफा गणना गरिएको छैन ।

### एकीकृत आय-व्यय हिसाब

| क्र.सं. | विवरण | यस त्रैमासिकको अन्त्य सम्ममा | अघिल्लो त्रैमासिकको अन्त्य सम्ममा | अघिल्लो आ.व.को सम्बन्धित त्रैमासिकको अन्त्य सम्ममा |
|---|---|---|---|---|
| १ | आय (१.१ देखि १.७ सम्म) | १३,१२३,९६८,०९० | ३६,११३,६२६,३५० | ११,१२२,५१९,६०४ |
| १.१ | बीमाशुल्क (खुद) | ८,९२५,१५२,६७२ | २७,३४०,३७६,८३८ | ७,८१८,३९३,१३७ |
| १.२ | पुनर्बीमा कमिशन आय | ११,४१०,६३८ | ८६,७७८,९४० | १३,२००,००० |
| १.३ | लगानी, कर्जा तथा अन्यबाट आय | १,६८५,७६३,०८४ | ५,६५३,८७५,३८२ | १,४०६,५८४,६९८ |
| १.४ | बीमालेखको धितोमा कर्जाबाट आय | ५२४,४५४,२८२ | १,५८७,३२२,५९५ | ३८६,४२१,१३३ |
| १.५ | अन्य प्रत्यक्ष आय | ९२,७०३,४०० | १६१,१०५,९२७ | ४७,४०३,३१९ |
| १.६ | यस वर्षको शुरुको भुक्तानी हुन बाँकी दाबी बापत व्यवस्था | १,६१६,१४०,७९४ | ९१५,३९३,२१६ | १,१५६,५८५,७६४ |
| १.७ | यस वर्षको शुरुको असमाप्त जोखिम बापत व्यवस्था | २६८,३४३,२२० | ३६८,७७३,४५१ | २९३,९३१,५५२ |
| २ | व्यय (२.१ देखि २.१० सम्म) | ७,०४२,९११,३८७ | १४,०२१,३६६,९७३ | ४,४३०,६२२,६९५ |
| २.१ | दाबी भुक्तानी (खुद) | ३,८७६,०४३,८२० | ५,९७४,८१८,३४० | १,६७२,५९५,०१३ |
| २.२ | अभिकर्ता कमिशन | ९६८,६२०,८७० | ३,१४४,३८४,६८० | ८७९,९७२,६०४ |
| २.३ | स्वास्थ्य परीक्षण शुल्क | ३,३६८,९०५ | १५,७२४,१४१ | ३,८७६,७२५ |
| २.४ | पुनर्बीमा कमिशन खर्च | – | – | – |
| २.५ | सेवा शुल्क (खुद) | ८९,१९६,६४४ | २७१,४९९,६१५ | ७७,७८७,४१७ |
| २.६ | अन्य प्रत्यक्ष खर्च | ७७२,०१० | २,९४८,८९५ | ६७८,७२० |
| २.७ | व्यवस्थापन खर्च | १८१,६०८,४८३ | २,२३६,६३७,८७१ | १८९,६६८,६२९ |
| २.८ | आयकर | २७३,३२९,२२१ | ४९०,८६९,२१६ | १८७,८९७,८६४ |
| २.९ | यस अवधिको अन्त्यको भुक्तानी हुन बाँकी दाबी बापत व्यवस्था * | १,४३२,०५८,४४५ | १,६१६,१४०,९९४ | १,३०२,६५३,२५५ |
| २.१० | यस अवधिको अन्त्यको असमाप्त जोखिम बापत व्यवस्था | २१७,९१२,९८९ | २६८,३४३,२२० | ११५,४९२,४६९ |
| ३ | बचत (१-२) | ६,०८१,०५६,७०३ | २२,०९२,२५९,३७७ | ६,६९१,८९६,९०९ |
| ३.१ | जीवन बीमा कोषमा सारेको | ६,०७७,४९४,१६५ | २१,८७१,७२३,२१२ | ६,५०३,८६८,०३० |
| ३.२ | नाफा नोक्सान हिसाबमा सारेको | ३,५६२,५३८ | २२०,५३६,१६५ | १८८,०२८,८७९ |

* भुक्तानी हुन बाँकी दावी वापत व्यवस्था अन्तर्गत अवधि समाप्ती **(Maturity payment)**, आंशिक अवधि समाप्ती दावी **(Survival payment)** र मृत्यु दावी **(Death claim payment)** पर्दछ । उल्लेखित रकम मध्य रु ९.६८ करोड मृत्यु दावी **(Death claim payment)** वापत व्यवस्था गरिएको छ ।

### अन्य विवरण

| क्र.सं. | विवरण | यस त्रैमासिकको अन्त्य सम्ममा | अघिल्लो त्रैमासिकको अन्त्य सम्ममा | अघिल्लो आ.व.को सम्बन्धित त्रैमासिकको अन्त्य सम्ममा |
|---|---|---|---|---|
| १. | कुल बीमाशुल्क आर्जन रकम (रु.हजारमा) (हाल सम्म) | १२८,३२१,५५८ | ११९,३२२,१०९ | ९९,६२८,६०४ |
| | कुल बीमाशुल्क आर्जन रकम (रु.हजारमा) (यस आ.व.) | ८,९९९,४४९ | २७,६२२,२४३ | ७,९२८,७३९ |
| २. | कुल कायम रहेको बीमालेखको संख्या | १,३१९,७०२ | १,३०४,६३२ | १,२३९,२४८ |
| ३. | घोषित मुनाफा (बोनस) को दर (७४- ७५ सम्मको) | प्रति हजार रु. ६२/- देखि रु. ८२/- सम्म | प्रति हजार रु. ६२/- देखि रु. ८२/- सम्म | प्रति हजार रु. ६२/- देखि रु. ८२/- सम्म |
| ४. | अन्तरिम मुनाफा (बोनस) को दर (७५-७६ देखि हालसम्म) | प्रति हजार रु. ६२/- देखि रु. ८२/- सम्म | प्रति हजार रु. ६२/- देखि रु. ८२/- सम्म | प्रति हजार रु. ६२/- देखि रु. ८२/- सम्म |
| ५. | कुल दाबी भुक्तानी रकम (रु.हजारमा) | ३,६९१,९६१ | ६,६७५,५६६ | १,८१८,६६३ |
| ६. | कुल दाबी भुक्तानी संख्यामा | १४,४८९ | ४०,२४३ | ११,१६५ |
| ७. | भुक्तानी हुन बाँकी दाबी रकम (रु.हजारमा) | १,४३२,०५८ | १,६१६,१४१ | १,३०२,६५३ |

दृष्टव्य: १) कम्पनीको माथि उल्लेखित असमाप्त जोखिम वापतको व्यवस्था बीमाङ्कीय मूल्याङ्कन पश्चात् परिवर्तन हुन सक्ने छ ।
२) वित्तीय विवरणमा उल्लेख गरिएका विवरणहरु लेखा परीक्षण तथा नियमक निकायको निर्देशन पश्चात् हेरफेर हुन सक्ने छ ।

## आ.व. २०७७/०७८ को प्रथम त्रैमासिक प्रतिवेदन

(धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को नियम २६ को उपनियम १ को प्रयोजनका लागि)

१) वित्तीय विवरण:

क) प्रथम त्रैमासिक अवधिको वासलात, आयव्यय हिसाब तथा नाफा नोक्सान हिसाब सम्बन्धी मिति २०७७/०७/२८ गतेको कारोबार दैनिक पत्रिकामा प्रकाशित गरिएको छ ।

ख) प्रमुख वित्तीय अनुपातहरु :

बीमाङ्कीय मूल्याङ्कन पश्चात प्राप्त हुने मुनाफा जोड्दा वित्तीय अनुपातहरु फरक पर्न सक्छ ।

| | | | | |
|---|---|---|---|---|
| *प्रति शेयर आम्दानी : १६.६७ | प्रति शेयर नेटवर्थ : १७७.७९ | पि.ई. अनुपात : ८२.४४ | प्रति शेयर कुल सम्पत्तिको मूल्य : १,९७३ | औसत प्रतिफल दर : १०.०३ |


* प्रति शेयर आम्दानी गणना गर्दा अन्तिम शेयर संख्या लिएको छ ।


कम्पनीले आ.व.२०७७/७८ को प्रथम त्रैमासिक अवधि सम्ममा रु. २२.९० करोड मुनाफा आर्जन गर्न सफल भएको छ । गत वर्ष सोहि अवधिमा रु.२०.४४ करोड मुनाफा आर्जन भएको थियो । गत वर्ष सोहि अवधिमा भएको मुनाफाको दाँजोमा यस समिक्षा वर्षको मुनाफामा १२.०२ प्रतिशतले बृद्धि भएको छ । सो वित्तीय विवरणमा आय व्यय हिसाबबाट रु. ६०७.७५ करोड जीवन बीमाकोषमा सारी कुल जीवन बीमाकोष रु. ९,४८२.१४ करोड भएको छ ।


२) व्यवस्थापकिय विश्लेषण:


क) कम्पनीको प्रथम त्रैमासिक अवधिसम्ममा कुल बीमाशुल्क आर्जन रु. ८९९.९४ करोड रहेको छ जुन गत बर्षको सोहि अवधिमा प्राप्त कुल बीमाशुल्क रु. ७९२.८७ करोडको तुलनामा १३.५० प्रतिशतले बृद्धी भएको हो । आकर्षित प्रतिफल, समयानुकुल बजार प्रवर्द्धन रणनीति, बढ्दो जनचेतना र बीमितको सर्वोपरी हितका लागि गर्दै आएका प्रयासका कारण कम्पनीले उच्च बजारहिस्सा ओगड्दै आएको छ ।
कम्पनीले यस प्रथम त्रैमासिक अवधिसम्ममा रु. ३६९.२० करोड कुल दावी भुक्तानी गरेको छ । कम्पनीले सकेसम्म छिटो र छरितो तरिकाले बीमितहरुको दावी भुक्तानी गर्ने नीति अवलम्बन गरेको छ ।
कम्पनीले प्रथम त्रैमासिक अवधिसम्ममा रु. ९९.४५ अर्व भरपर्दो एवं सुरक्षित क्षेत्रमा लगानी गर्न सफल भएको छ, जुन गत बर्षको सोहि अवधिसम्मको कुल लगानी रु. ७७.५४ अर्व मा २८.२६ प्रतिशतको बृद्धि हो । कम्पनीले बीमा समितिको लगानी निर्देशिका बमोजिम सुरक्षित क्षेत्रमा लगानी गर्दै आएको छ । बढ्दो बीमाशुल्क आर्जन र सुरक्षित लगानि बृद्धिले कम्पनकिो वित्तीय क्षमता सुदृढ बनाएको छ ।

कम्पनीको यस त्रैमासिक अवधि सम्ममा विभिन्न जीवन बीमा योजना अन्तर्गत प्राप्त प्रथम बीमाशुल्कको वर्गिकरण यस अनुसार छ ।




(*बीमाङ्कीय मूल्याङ्कन हुन बाँकी)

ख) कम्पनीले विद्यमान प्रतिस्पर्धात्मक अवस्थामा समयानुकुल व्यवसायिक योजना र रणनीति अवलम्बन गर्दै आएको छ । फलस्वरुप, कम्पनीको व्यवसायिक विस्तारमा तीब्रता तथा बीमितहरुलाई उच्च स्तरीय सेवा दिन लक्ष्य अनुरुप उपलब्धी हासिल गर्दै गएको र बाँकी अवधिमा पनि व्यवसाय तथा सेवा विस्तारमा विशेष ध्यान दिने लक्ष्य लिएको छ ।

ग) विगतको अनुभवबाट कम्पनीको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने घटना, अवस्था आदि देखिएको छैन ।

३) कानूनी कारवाही सम्बन्धी विवरण : नभएको ।

४) संगठित संस्थाको शेयर कारोबार सम्बन्धी विश्लेषण:

क) समिक्षा अवधिमा भएको कम्पनीको शेयर कारोबार वास्तविक र यथार्तपरक रहेको पाएका छौं ।
ख) त्रैमासिक अवधिको शेयर कारोबारको विवरण निम्न बमोजिम रहेको छ ।

| | | | | |
|---|---|---|---|---|
| अधिकतम मूल्य : रु १,४७६ | न्यूनतम मूल्य : रु १,२६५ | अन्तिम मूल्य : रु १,३७४ | कारोबार संख्या : ३६,९७,३८३ कित्ता | कारोबार दिन : ६४ दिन |

५) समस्या र चुनौती: मुलुकमा जीवन बीमा व्यवसाय प्रति सकारात्मक भावनाको विकास भइरहेकोले जीवन बीमालाई सामाजिक सुरक्षा तथा अनुशासित बचतको माध्यमको रुपमा स्थापित गर्न बीमा जागरण अभियानलाई थप ससक्त बनाउन जरुरी छ । दीर्घकालिन लगानीको अवसर न्यून भएकोले परम्परागत लगानीका क्षेत्रहरुमा मात्र लगानी एकीकृत भइरहने हुँदा केन्द्रित जोखिमको अवस्था रहेको छ । यसै गरी दक्ष जनशक्तिको अभावले केही चुनौतीहरु थपिएका छन । कम्पनीले समयानुकुल व्यवसायिक रणनीतिको कार्यान्वयनद्धारा चुनौतीहरुलाई अवसरमा परिणत गर्दै जानेमा विश्वास लिएको छ ।

६) संस्थागत सुशासन: कम्पनीले पारदर्शिता तथा जवाफदेहितालाई प्रथम प्राथमिकतामा राख्दै आएको छ । कम्पनीको अनलाईन कारोबार प्रणालीले आन्तरिक नियन्त्रण प्रणाली चुस्त राख्न सहयोग पुऱ्याएको छ । कम्पनीले आफ्नो हिसाब किताब सर्वमान्य लेखा सिद्धान्त, नेपाल लेखामान मापदण्ड अनुरुप राख्दै कम्पनीको कारोबारहरुलाई समयमै लेखा परीक्षण गर्दै आएको छ । कम्पनीले आफ्नो आन्तरिक नियन्त्रणलाई सबल बनाउन आन्तरिक लेखा परीक्षकको रुपमा स्वतन्त्र चार्टर्ड एकाउन्टेन्टलाई नियुक्ति गरी प्रत्येक त्रैमासिक अवधिको प्रतिवेदन प्राप्त गरी छलफल पश्चात बीमा समितिमा पठाउने गरिएको छ । कम्पनीले बीमा समितिद्वारा जारी संस्थागत सुशासन सम्बन्धी निर्देशिका बमोजिमका प्रावधानहरु कार्यान्वयन गर्दै संस्थागत सुशासन कायम गर्ने तर्फ व्यवस्थापन दृढ रहेको छ ।

७) सत्य, तथ्यता सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषण: आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु । साथै, म यो उद्घोष गर्दछु कि मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरुलाई सूसुचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाइएको छैन ।

सन्तोष प्रसाई
कार्यबाहक प्रमुख कार्यकारी अधिकृत

रजिष्टर्ड कार्यालय: मेनरोड वीरगञ्ज (पर्सा) प्रधान कार्यालय: हेरिटेज प्लाजा १, दोश्रो तल्ला, कमलादी, काठमाडौं
फोन नम्बर: ९७७-१-४१६९०८२/८३/८५, फ्याक्स नं. ९७७-१-४१६९०७९
www.nepallife.com.np | info@nepallife.com.np

किनकि जीवन अमूल्य छ...